# राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

# उद्देश्य र कारण

राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन र अनुसन्धानमार्फत राष्ट्रिय हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न सक्षम, दक्ष र जिम्मेवार स्वदेशी तथा विदेशी मानवस्रोत उत्पादन गर्ने उद्देश्यले राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक तर्जुमा गरिएको हो। भूराजनीतिक संवेदनशीलता र बदलिँदो सुरक्षा चुनौतीहरूको सामना गर्न स्वदेशमै विशिष्टीकृत प्राज्ञिक केन्द्र स्थापना गरी सैनिक तथा गैर सैनिक अधिकारीहरूलाई उच्च शिक्षा र तालिम प्रदान गर्नु यस विश्वविद्यालयको स्थापना तथा सञ्चालनको मुख्य कारण हो। सरकारलाई सुरक्षा तथा सामरिक मामिलामा नीति निर्माण गर्दा प्रमाणमा आधारित तथ्यहरु सहितको राय सुझाब दिई सघाउनुका साथै देशको सुरक्षा कूटनीतिलाई सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्य विधेयकले लिएको छ। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको अवस्थामा यसलाई सञ्चालन गर्न र प्राज्ञिक स्वायत्तता प्रदान गर्न स्थायी र स्पष्ट कानूनी संरचनाको आवश्यकता भएको कारणले प्रस्तुत विधेयक संघीय संसदमा पेश गर्नु परेको हो।

(वालेन्द्र शाह)
प्रधानमन्त्री एवम् रक्षा मन्त्री

# आर्थिक टिप्पणी

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना र सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण गर्न "राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६" जारी भई सोही अनुसार राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको पूर्वाधार निर्माण कार्य सम्पन्न हुने चरणमा छ।

हाल सुरक्षा निकयसँग सम्बन्धित उच्चपदस्थ अधिकारी तथा निजामती कर्मचारीहरूलाई राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक तथा 'वार कलेज' (War College) सम्बन्धी कोर्सका लागि विदेश पठाउँदा राज्यबाट बाहिरिने विदेशी मुद्रा बचत हुने, मित्रराष्ट्रहरूका सैनिक तथा गैरसैनिक सुरक्षा अधिकारीहरूलाई यस विश्वविद्यालयमा उच्च शिक्षा र तालिमका लागि आकर्षित गरी डलरमा शैक्षिक शुल्क उठाई देशको वैदेशिक आम्दानी बढाउन सकिने, विश्वविद्यालयले गर्ने प्रमाणमा आधारित अनुसन्धान र रणनीतिक विश्लेषणले सरकारलाई परिपक्व परराष्ट्र, राष्ट्रिय सुरक्षा र आर्थिक नीति बनाउन सघाउने र यसबाट गलत रणनीतिक निर्णयहरूका कारण मुलुकले बेहोर्नुपर्ने सम्भावित आर्थिक र कूटनीतिक क्षति हुनबाट जोगिने र सामरिक तथा रक्षा मामिलामा नेपालकै मौलिक ज्ञानको विकास हुने हुँदा विदेशी परामर्शदातामाथिको निर्भरता घट्नुका साथै विश्वविद्यालय आफैंले सरकारी तथा गैरसरकारी निकायलाई सशुल्क बौद्धिक सेवा दिएर कोष वृद्धि गर्न सक्ने लगायतका आर्थिक तथा रणनीतिक लाभ यस विधेयकको कार्यान्वयनबाट हुने देखिन्छ।

प्रस्तावित विधेयक तर्जुमा गर्दा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापन र उच्चस्तरीय अनुसन्धान लगायतका विषयहरुमा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार अर्थ मन्त्रालयबाट च.नं. २०८०/८१-५३५, मिति २०८०।११।१५ र च.नं. ५९३९, मिति २०८३।२।२१ मा सहमति प्राप्त भएको छ।

(वालेन्द्र शाह)
प्रधानमन्त्री एवम् रक्षा मन्त्री

# राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको विधेयक तर्जुमा सम्बन्धी अवधारणापत्र

१. **नयाँ ऐन बनाउनुपर्ने आवश्यकताः**

- राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना, सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक भौतिक, संस्थागत तथा कानूनी पूर्वाधार तयार गर्न मिति २०७७ वैशाख १ गते राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ जारी भएको,
- उक्त गठन आदेशको दफा ४ को उपदफा (२) खओ खण्ड (च) मा विश्वविद्यालय स्थापना, सञ्चालन तथा व्यवस्थापनको लागि संघीय संसदमा पेस हुने विधेयकको मस्यौदा तयार गर्ने व्यवस्था उल्लेख भएको,
- नेपाल सरकारको आ.व. २०७७/७८ को नीति कार्यक्रमको बुँदा नं.२६४ मा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको सञ्चालनको आवश्यक तयारी पूरा गरिनेछ भन्ने व्यहोरा उल्लेख भएको।

२. **नयाँ ऐन कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धिः**

(क) नेपाल सरकारबाट निर्णय भएबमोजिम तोकिएको समयमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालन हुन सहयोग पुग्ने,

(ख) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय र यस अन्तर्गत रहने विभिन्न कार्यालय, विभाग तथा महाविद्यालयहरु सञ्चालनमा ल्याउन कानूनी पूर्वाधार तयार हुने,

(ग) विश्वविद्यालयले लिएको राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा सम्बन्धी लक्ष्यहरु हासिल गर्न आवश्यक ऐन तयार भई सो अनुरुप भविष्यमा नियमावली, कार्यविधि आदि तयार गर्न सहज हुने,

(घ) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयलाई पद्धति र प्रणालीमा चल्ने संस्थाको रुपमा अगाडि बढाउन सकिने।

३. **प्रस्तावित विषयमा मौजुदा कानून भएः** नभएको। (विश्वविद्यालय निर्माण तथा अन्य विश्वविद्यालयहरुको आ-आफ्नो विधेयक रहेको।

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः** प्रस्तावित विषयमा मौजुदा कानून नभएको।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुनै विधि (Method) बाट तर्जुमा भएको होः** नभएको।

६. **नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारीः** नीति निर्माण कार्यमा देहायका व्यक्तिहरुको संलग्नता रहेको,

(१) रथी श्री बालानन्द शर्मा (अ.प्रा.)- अध्यक्ष, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति

(२) प्राध्यापक डा. श्री युवराज संग्रौला

(३) सहायक रथी श्री विष्णु राउत- कार्यकारी निर्देशक, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः** देहाय बमोजिमका मुलुकमा देहाय बमोजिमका कानून रहेको,-

(क) Pakistan - The National Defence University Act, 2011

(ख) Sri Lanka - The Sir John Kotelawala Defence Academy Act, 1981

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः** अन्य कुनै निकायबाट कुनै सुझाव प्राप्त नभएको।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः** उक्त विधेयक स्वीकृत भए पछि संस्थागत संरचनाको निर्माण सम्पन्न हुन नियमित हुने व्ययभार अनुमान गर्न नसकिने।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः** विश्वविद्यालय सञ्चालनको लागि आवश्यक सांगठनिक संरचनाको निर्माण सम्पन्न हुने चरणमा रहेको।

११. **प्रस्तावित कानून निर्माण गर्ने कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएकोः** आ.व. २०७८/७९ को आय व्ययको सार्वजनिक जानकारीको बुँदा नं.३९९ मा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक एंव शैक्षिक पूर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरेको व्यहोरा उल्लेख भएको।

१२. **प्रस्तावित कानूनमा समावेश गर्ने खोजिएका मुख्य विषयहरूः**

(क) विश्वविद्यालयको स्थापना,

(ख) विश्वविद्यालय सभा, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, विश्वविद्यालय सञ्चालन गुठी (Board of Trusties) को गठन तथा काम, कर्तव्य र अधिकार,

(ग) विश्वविद्यालयको संगठनको स्वरुप सम्बन्धी व्यवस्था,

(घ) विश्वविद्यालयमा रहने पदाधिकारी सम्बन्धी व्यवस्था,

(ङ) विश्वविद्यालयमा रहने महाविद्यालय र शिक्षक सम्बन्धी व्यवस्था,

(च) विश्वविद्यालयको कोष,

(छ) विश्वविद्यालयले दिने सम्बन्धन।

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ९ को उपदफा (२) | (२) सभाको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । | सभाको अन्य विविध काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | सभाको अन्य विविध काम, कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्टता हुने। |
| २. | दफा १० को उपदफा (४) | (४) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गर्न सक्नेछ। | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी व्यवस्था कार्यविधिमा निर्धारण गरिने। | प्राज्ञिक परिषद्को बैठक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्पष्टता हुने। |
| ३. | दफा ११ को उपदफा (२) | (२) प्राज्ञिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । | प्राज्ञिक परिषद्को अन्य विविध काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | प्राज्ञिक परिषद्को अन्य विविध काम, कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्टता हुने। |
| ४. | दफा १२ को उपदफा (२) | (२) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैंले निर्धारण गर्न सक्नेछ। | कार्यकारी परिषद्को बैठक सम्बन्धी व्यवस्था कार्यविधिमा निर्धारण गरिने। | कार्यकारी परिषद्को बैठक सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा स्पष्टता हुने। |
| ५. | दफा १३ को उपदफा (२) | (२) कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । | कार्यकारी परिषद्को अन्य विविध काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | कार्यकारी परिषद्को अन्य विविध काम, कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्टता हुने। |
| ६. | दफा १४ को | (ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने। | प्रतिरक्षा अध्ययन संस्थानको अन्य काम, कर्तव्य र अधिकार | प्रतिरक्षा अध्ययन संस्थानको अन्य काम, कर्तव्य र |

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | उपदफा (२) को खण्ड (ङ) | | नियमावलीमा तोकिने। | अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| ७. | दफा १५ को उपदफा (२) को खण्ड (ङ) | (ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने। | महाविद्यालयको अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | महाविद्यालयको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| ८. | दफा १६ को उपदफा (२) को खण्ड (छ) | (छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने। | रणनीतिक अध्ययन अनुसन्धान केन्द्रको अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | रणनीतिक अध्ययन अनुसन्धान केन्द्रको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| ९. | दफा १७ को उपदफा (२) | (२) विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको सुविधा र सेवाका शर्त तोकिएबमोजिम हुनेछ। | विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको नियुक्ति, सुविधा र सेवाका शर्त सम्बन्धमा विनियमावलीमा तोकिने। | विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको सुविधा र सेवाका शर्त सम्बन्धमा स्पष्टता हुने। |
| १०. | दफा १७ को उपदफा (४) | (४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयमा आवश्यक पर्ने विशेषज्ञ पदमा पदपूर्ति समितिको सिफारिसमा तोकिएबमोजिम करारमा राख्न सकिनेछ। | विश्वविद्यालयमा आवश्यक पर्ने विशेषज्ञ करारमा नियुक्ति सिफारिस सम्बन्धमा नियमावलीमा तोकिने। | विश्वविद्यालयमा आवश्यक पर्ने विशेषज्ञ करारमा नियुक्ति सिफारिस सम्बन्धमा स्पष्टता हुने। |
| ११. | दफा | (२) पदपूर्ति समितिको | पदपूर्ति समितिको बैठक काम, | पदपूर्ति समितिको बैठक काम, |

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | १८ को उपदफा (२) | बैठक, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ। | कर्तव्य र अधिकारको सम्बन्धमा नियमावलीमा तोकिने। | कर्तव्य र अधिकारको सम्बन्धमा स्पष्टता हुने। |
| १२. | दफा २१ को खण्ड (ज) | (ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने। | उपकुलपतिको अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | उपकुलपतिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| १३. | दफा २३ को उपदफा (२) | (२) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ। | रजिष्टारको अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | रजिष्टारको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| १४. | दफा २४ को उपदफा (६) | (६) उपदफा (१) बमोजिमको समितिले उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको लागि सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ। | सिफारिस समितिले उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको लागि सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने सम्बन्धमा कार्यविधिमा निर्धारण गरिने। | सिफारिस समितिले उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धमा स्पष्टता हुने। |
| १५. | दफा २६ को खण्ड (छ) | (छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने। | डिनको अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | डिनको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| १६. | दफा २८ को खण्ड (ङ) | (ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने। | शिक्षाधिकृतको अन्य काम, कर्तव्य र अधिकार नियमावलीमा तोकिने। | शिक्षाधिकृतको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| १७. | दफा ३० को | (च) तोकिए बमोजिमका अन्य कार्य गर्ने। | रणनीतिक अध्ययन अनुसन्धान केन्द्र प्रमुखको अन्य काम, कर्तव्य र | रणनीतिक अध्ययन अनुसन्धान केन्द्र प्रमुखको अन्य काम, |

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | खण्ड (च) | | अधिकार नियमावलीमा तोकिने। | कर्तव्य र अधिकार सम्बन्धमा स्पष्टता हुने। |
| १८. | दफा ३३ को उपदफा (१) | (१) उपकुलपति, रजिष्ट्रार, डिन, केन्द्र प्रमुख तथा सभाको मनोनीत सदस्यको पारिश्रमिक, सेवाका सर्त र सुविधा तोकिएबमोजिम हुनेछ। | उपकुलपति, रजिष्ट्रार, डिन, केन्द्र प्रमुख तथा सभाको मनोनीत सदस्यको पारिश्रमिक, सेवाका सर्त र सुविधा विनियमावलीमा तोकिने। | उपकुलपति, रजिष्ट्रार, डिन, केन्द्र प्रमुख तथा सभाको मनोनीत सदस्यको पारिश्रमिक, सेवाका सर्त र सुविधा सम्बन्धमा स्पष्टता हुने। |
| १९. | दफा ३३ को उपदफा (२) | (२) विश्वविद्यालय अन्तर्गत प्राध्यापन गर्ने प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक, सेवाका सर्त र सुविधा तोकिएबमोजिम हुनेछ। | विश्वविद्यालय अन्तर्गत प्राध्यापन गर्ने प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक, सेवाका सर्त र सुविधा विनियमावलीमा तोकिने। | विश्वविद्यालय अन्तर्गत प्राध्यापन गर्ने प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक, सेवाका सर्त र सुविधा सम्बन्धमा स्पष्टता हुने। |
| २०. | दफा ३५ को उपदफा (५) | (५) विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ। | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धमा नियमावलीमा तोकिने। | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धमा स्पष्टता हुने। |
| २१. | दफा ३६ को उपदफा (२) | (२) विश्वविद्यालयले तोकिएबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ। | विश्वविद्यालयको लेखा प्रणालीलाई व्यवस्थित बनाउने सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि बनाउने। | विश्वविद्यालयको लेखा प्रणाली व्यवस्थित भई वित्तिय अनुशासन कायम हुने। |
| २२. | दफा ३८ को उपदफा (१) | (१) अध्ययन पूरा गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र | अध्ययन पूरा गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रदान गर्ने प्रमाणपत्र र उपाधि सम्बन्धमा नियमावलीमा तोकिने। | अध्ययन पूरा गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रदान गर्ने प्रमाणपत्र र उपाधि सम्बन्धमा स्पष्टता हुने। |

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | उपाधि प्रदान गर्नेछ। | | |
| २३. | दफा ३९ | विश्वविद्यालयको परीक्षा प्रणाली तथा पाठ्यक्रम सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ। | विश्वविद्यालयको परीक्षा प्रणाली तथा पाठ्यक्रम सम्बन्धमा नियमावलीमा तोकिने। | विश्वविद्यालयको परीक्षा प्रणाली तथा पाठ्यक्रम सम्बन्धमा स्पष्टता हुने। |
| २४. | दफा ४० को उपदफा (२) | (२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति गठन गर्दाका बखत तोक्नु पर्नेछ। | विश्वविद्यालयको काम कारवाहीमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार सम्बन्धमा नियमावलीमा तोकिने। | विश्वविद्यालयको काम कारवाहीमा सहयोग पुऱ्याउन आवश्यकता अनुसार गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार तथा सुविधा सम्बन्धमा स्पष्टता हुने। |
| २५. | दफा ४५ | उपकुलपतिमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि कुलपति समक्ष र पदेन सदस्य बाहेकका अन्य पदाधिकारीले उपकुलपतिसमक्ष तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ। | उपकुलपतिले र पदेन सदस्य बाहेकका अन्य पदाधिकारीले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि लिनुपर्ने शपथको ढाँचा नियमावलीमा तोकिने। | उपकुलपतिले र पदेन सदस्य बाहेकका अन्य पदाधिकारीले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि लिनुपर्ने शपथको ढाँचा सम्बन्धमा व्यवस्था हुने। |
| २६. | दफा ४६ | ऐनको कार्यान्वयनका लागि सभाले आवश्यक नियम बनाउन सक्नेछ। | ऐन कार्यान्वयन गर्न नियमावली बनाउने। | ऐन कार्यान्वयन गर्न सहज हुने। |
| २७. | दफा ४७ | ऐन तथा ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सभाले विनियम | ऐन तथा ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सभाले विनियमावली बनाउने। | स्वायत्त संस्थाको अधिकार उपयोग हुने। |

| सि.नं. | दफा | प्रत्यायोजित व्यवस्थापन | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| | | बनाउन सक्ने। | | |
| २८. | दफा ४८ | ऐन तथा ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विश्वविद्यालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्ने। | आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड निर्माण हुने। | विश्वविद्यालयका नियमित कार्य सुचारू हुने। |

(वालेन्द्र शाह)
प्रधानमन्त्री एवम् रक्षा मन्त्री

# राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १. | संक्षिप्त नाम र प्रारम्भ | ❖ नेपाल सरकारको **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६"** र नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमहरुमा समेत उल्लेख भएको राष्ट्रिय सुरक्षा तथा सामरिक विषयमा अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तन गर्ने उच्चस्तरको विशिष्टीकृत प्राज्ञिक केन्द्रका रुपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय नामाकरण गरिएको।<br>❖ विधेयकको नाम र विधेयक लागु हुने मिति स्पष्ट पार्न आवश्यक भएकोले। |
| २. | परिभाषा | विधेयकमा पटक पटक प्रयोग भएका शब्दहरुलाई उल्लेख गर्न र ती शब्दहरुको अर्थ स्पष्ट गर्नका लागि परिभाषित गर्न आवश्यक भएकोले। |
| ३. | विश्वविद्यालयको स्थापना | नेपाल सरकारको **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६"** र नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमहरुमा समेत उल्लेख भएको। नेपालको समग्र राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा र प्रतिरक्षाको लागि परम्परागत तथा समकालीन सुरक्षा चुनौतीहरुको उच्चस्तरीय अध्ययन, अध्यापन र अनुसन्धान गर्नुपर्ने विशिष्टिकृत विश्वविद्यालयलाई काभ्रेपलाञ्चोक जिल्लाको पेरुङ्गेडाँडामा स्थापना गर्न लागिएको। |
| ४. | विश्वविद्यालय स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुने | ❖ विश्वविद्यालय अविछिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र संगठित संस्था रही नेपाल सरकारको निकाय भएकोले प्रचलित कानून बमोजिम अधिकार प्रयोग एवं दायित्व निर्वाह गर्नु पर्ने भएकोले।<br>❖ विश्वविद्यालय स्वतन्त्र प्राज्ञिक सोचमा आधारित सुरक्षा तथा प्रतिरक्षा क्षेत्रको विशिष्टीकृत शैक्षिक तथा अनुसन्धान केन्द्र रहने भएकोले। |
| ५. | विश्वविद्यालयको सङ्गठन | विश्वविद्यालयको दैनिक शैक्षिक एवं प्राज्ञिक कार्यक्रम लगायत प्रशासनिक कार्य सञ्चालन गर्न विभिन्न तहको नियामक ईकाई, संकाय, केन्द्र, महाविद्यालय (कलेज), संस्थान आवश्यक भएकोले। |
| ६. | विश्वविद्यालयका पदाधिकारी | विश्वविद्यालयको सङ्गठन संरचना तथा विभिन्न तहको नियामक ईकाई, संकाय, केन्द्र, महाविद्यालय (कलेज), संस्थानहरुमा नेतृत्व चयन गरी आवश्यक जिम्मेवारी दिन आवश्यक भएकोले। |
| ७. | सभाको गठन | सरोकारवाला अनुभवी व्यक्तित्वहरुले विश्वविद्यालय व्यवस्थापनमा समयानुकूल एवम् नियमित रुपमा आवश्यक मार्गनिर्देशन प्रदान गर्ने वृहत स्वरुपको सर्वोच्च नियामक निकाय आवश्यक परेकोले। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ८. | सभाको बैठक | विश्वविद्यालयलाई योजना एवं समयबद्ध तरिकाले सञ्चालन गर्न न्युनतम सदस्यहरु उपस्थित रहेको नियमित बैठक आवश्यक परेकोले। |
| ९. | सभाको काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन र दायित्व निर्वाहमा स्पष्टताको लागि। |
| १०. | प्राज्ञिक परिषदको गठन | विश्वविद्यालयको शैक्षिक एवं प्राज्ञिक कार्यक्रम नियमित रुपमा सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्नुका साथै पाठ्यक्रम निर्धारण र मापदण्ड तोक्न आवश्यक पर्ने भएकोले। |
| ११. | प्राज्ञिक परिषदको काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन तथा दायित्व निर्वाहमा स्पष्टताको लागि। |
| १२. | कार्यकारी परिषदको गठन | विश्वविद्यालयको प्रशासनकि एवं शैक्षिक कार्यक्रम नियमित रुपमा सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्नुपर्ने भएकोले। |
| १३. | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन र दायित्व निर्वाहमा स्पष्टताको लागि। |
| १४. | अध्ययन संस्थान | राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक वा रणनीतिक लगायतका विविध विषयहरुमा उच्च तहको शैक्षिक कार्यक्रम प्रदान गर्ने प्रतिरक्षा अध्ययन संस्थान आवश्यक परेकोले। |
| १५. | महाविद्यालय | प्रतिरक्षा अध्ययन संस्थान अन्तर्गत सुरक्षा, प्रतिरक्षा, सामरिक वा अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा अध्ययन तथा अध्यापन गर्न विश्वविद्यालयको आङ्गिक शिक्षण संस्था आवश्यक पर्ने भएकोले। |
| १६. | केन्द्र | राष्ट्रिय सुरक्षासँग सम्बन्धी विविध प्रकृतिका विषयहरुमा गहन खोज तथा अनुसन्धान गरी सरोकारवाला लाई महत्वपूर्ण एवम् सामरिक तहको सल्लाह र सुझाव प्रदान गर्न सक्ने चिन्तन समूह (थिङ्क ट्याङ्क) हरु रहेको केन्द्र आवश्यक परेकोले। |
| १७. | सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था | विश्वविद्यालयको संगठन संरचना, शैक्षिक तथा प्रशासनिक दरबन्दी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएबमोजिम हुने भएकोले विश्वविद्यालयको काम कारवाही सरल र सहज रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न सकिने भएको हुँदा यस्तो व्यवस्था गरिएको छ। |
| १८. | पदपूर्ति समितिको गठन | विश्वविद्यालयमा आवश्यक पर्ने सुयोग्य शैक्षिक तथा प्रशासनिक जनशक्तिको खुल्ला, स्वतन्त्र एवं निष्पक्ष छनौट गरी नियुक्ति गर्न र निजहरुको बढुवा सिफारिस गर्ने प्रयोजनको लागि आवश्यक भएकोले। |
| १९. | कुलपति | नेपालको समग्र राष्ट्रिय हित, राष्ट्रिय सुरक्षा र प्रतिरक्षाको लागि परम्परागत तथा समकालीन सुरक्षा चुनौतीहरुको उच्चस्तरीय अध्ययन, अध्यापन र अनुसन्धान गर्ने विशिष्टिकृत प्राज्ञिक केन्द्रका रूपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना गर्न लागिएको हुँदा रक्षा मन्त्रालय मार्फत नेपाल सरकारसँग समन्वय र सम्पर्क हुने भएकोले सम्माननीय प्रधानमन्त्रीलाई कुलपतिको रुपमा व्यवस्था गरिएको । |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| २०. | उपकुलपति | विश्वव्यापी परिपाटी अनुरुप विश्वविद्यालयको नेतृत्व, सञ्चालन र व्यवस्थापन गर्ने मुख्य पदाधिकारी आवश्यक भएकोले। |
| २१. | उपकुलपतिको काम, कर्तव्य र अधिकार | उपकुलपति विश्वविद्यालयको कार्यकारी प्रमुख हुने भएकोले विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन तथा दायित्व निर्वाहमा स्पष्टताको लागि। |
| २२. | रजिष्ट्रार | प्रचलित परम्परा अनुसार विश्वविद्यालयको प्रशासन विभागको नेतृत्व, सञ्चालन र व्यवस्थापनको लागि यसको व्यवस्था गरिएको। |
| २३. | रजिष्ट्रारको काम, कर्तव्य र अधिकार | रजिष्ट्रार विश्वविद्यालयको पूरा समय काम गर्ने मुख्य प्रशासक हुने भएकोले विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन तथा दायित्व निर्वाहमा स्पष्टताको लागि। |
| २४. | सिफारिस समिति | विश्वविद्यालयको उपकुलपति र रजिष्ट्रार पदमा आवश्यक पर्ने सुयोग्य व्यक्तिको खुल्ला, स्वतन्त्र एवं निष्पक्ष छनौट गरी नियुक्ति सिफारिस गर्ने प्रयोजनको लागि आवश्यक भएकोले। |
| २५. | डिन | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास बमोजिम विश्वविद्यालय अध्ययन संस्थानलाई नेतृत्व प्रदान गर्न यसको व्यवस्था गरिएको। |
| २६. | डिनको काम, कर्तव्य र अधिकार | डिन विश्वविद्यालय अन्तर्गत प्रतिरक्षा अध्ययन संस्थानको प्रशासकीय प्रमुख हुने भएकोले विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन तथा दायित्व निर्वाहमा स्पष्टताको लागि । |
| २७. | शिक्षाधिकृत (कमान्डान्ट) | प्रतिरक्षा अध्ययन संस्थान अन्तर्गत सञ्चालन हुने राष्ट्रिय प्रतिरक्षा महाविद्यालय (कलेज) लाई नेतृत्व प्रदान गर्न आवश्यक भएकोले। |
| २८. | शिक्षाधिकृत (कमान्डान्ट) को काम, कर्तव्य र अधिकार | शिक्षाधिकृत विश्वविद्यालय अन्तर्गत राष्ट्रिय प्रतिरक्षा महाविद्यालय (कलेज) को प्रमुख हुने भएकोले विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन तथा दायित्व निर्वाहमा स्पष्टताको लागि। |
| २९. | केन्द्र प्रमुख | राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षा सम्बन्धी विशिष्टीकृत विषयहरुमा गहन अध्ययन तथा अनुसन्धान गर्ने विश्वविद्यालयको रणनीतिक अध्ययन अनुसन्धान केन्द्रलाई नेतृत्व प्रदान गर्न। |
| ३०. | केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार | केन्द्र प्रमुख विश्वविद्यालय अन्तर्गतको रणनीतिक अध्ययन अनुसन्धान केन्द्रको प्रमुख हुने भएकोले विश्वविद्यालयको अन्य नियामक निकायहरुसँग जिम्मेवारीमा दोहोरोपन नआउन र यसको व्यवस्थापन तथा दायित्व निर्वाहमा स्पष्टताको लागि। |
| ३१. | अयोग्यता | विश्वविद्यालयका महत्वपूर्ण पदाधिकारीहरु उपकुलपति, रजिष्ट्रार, डीन र केन्द्र प्रमुखको पदमा सही र सक्षम व्यक्ति मात्र छनौट हुने कार्यलाई सुनिश्चित गर्न। |
| ३२. | पदावधि | विश्वविद्यालयका महत्वपूर्ण पदाधिकारीहरु उपकुलपति, रजिष्ट्रार, डीन र केन्द्र प्रमुखको कार्यकाल समय यकिन गर्न तथा नयाँ नेतृत्त चयन प्रकृयालाई सहजता प्रदान गरी प्रजातान्त्रिक अभ्यास सुनिश्चित गर्न। |
| ३३. | पारिश्रमिक, सुविधा तथा | विश्वविद्यालयका महत्वपूर्ण पदाधिकारीहरु उपकुलपति, रजिष्ट्रार, डीन र केन्द्र प्रमुख लगायत अन्य मनोनीत सदस्य, प्राध्यापक, शिक्षक तथा कर्मचारीहरुको |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| | सेवाका सर्त | योग्यता, दक्षता र कार्यसम्पादन मूल्याङ्कन गरी उच्च शिक्षालाई गुणस्तरीय, व्यवस्थित र पारदर्शी बनाउन पारिश्रमिक, सेवाका सर्त र सुविधालाई तोक्नु आवश्यक भएकोले। |
| ३४. | पदबाट हटाउने | विश्वविद्यालयका महत्वपूर्ण पदाधिकारीहरु उपकुलपति, रजिष्ट्रार, डीन र केन्द्र प्रमुखलाई आफ्नो पदीय आचरण तथा अनुशासन पालना गर्न प्रेरित गर्न र यदी सो नगरेमा निजलाई पदबाट हटाउने प्रकृयामा कानूनी स्पष्टता प्रदान गर्न। |
| ३५. | विश्वविद्यालयको कोष | विश्वविद्यालय सञ्चालन गर्न नेपाल सरकार एवम् अन्य स्रोतहरुबाट प्राप्त अनुदानलाई व्यवस्थापन गर्न आवश्यक परेकोले। |
| ३६. | लेखा र लेखापरीक्षण | आर्थिक ऐन नियम अनुसार विश्वविद्यालय कोषको पारदर्शी सञ्चालन र सुपरीवेक्षणको लागि । |
| ३७. | सम्बन्धन दिनसक्ने | सुरक्षा निकायसँग सम्बन्धित शिक्षण संस्थाहरुलाई विषय सम्बन्धित विश्वविद्यालयमार्फत सम्बन्धन प्रदान गराई शिक्षण संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनमा सहजता तथा एकरुपता ल्याउनको लागि। |
| ३८. | प्रमाणपत्र र उपाधि प्रदान गर्ने | विश्वविद्यालयमा अध्ययन पूरा गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई प्रमाणपत्र र उपाधि प्रदान गर्न। |
| ३९. | परीक्षा प्रणाली र पाठ्यक्रम | नियमित परिक्षा सञ्चालन र समसामयीक रुपमा पाठ्यक्रम अध्यावधिक गर्न आवश्यक परेकोले । |
| ४०. | उपसमिति वा कार्यदल गठन गर्न सक्ने | विश्वविद्यालयमा समयानुकूल भैपरी आउने कार्य सम्पादन गर्न यसको व्यवस्था गरिएको। |
| ४१. | अधिकार प्रत्यायोजन | विश्वविद्यालय सभाले आफ्नो अन्तर्गतका विभिन्न निकाय एवं पदाधिकारीहरुलाई विभिन्न अवस्थामा आफ्नो जिम्मेवारी तथा अधिकार प्रत्यायोजन गर्न आवश्यक पर्न सक्ने भएकोले । |
| ४२. | उजुरी | विश्वविद्यालयसँग सम्बन्धित विषयवस्तुमा उत्पन्न हुने विवाद उपर पर्ने उजुरीहरुको सुनुवाइको मौका सुनिश्चित गर्ने। |
| ४३. | नेपाल सरकारसँग सम्पर्क | विश्वविद्यालयले नेपाल सरकारसँग आवश्यकता अनुसार सम्पर्क गर्ने माध्यमको यकिन गर्नको लागि। |
| ४४. | विघटन हुँदाको परिणाम | कुनै कारणबस विश्वविद्यालय सञ्चालन गर्न नसक्ने भएमा के गर्ने भन्ने अन्योलता हटाउन र विश्वविद्यालय विघटन हुँदा विश्वविद्यालयको चल, अचल सम्पत्ति र दायित्व कसमा सर्ने विषयबारेमा सुनिश्चित गर्न। |
| ४५. | शपथ लिनुपर्ने | विश्वविद्यालयका पदाधिकारीहरुले कानूनी रुपमा आफ्नो जिम्मेवारी वहन गर्न बैधानिकता आवश्यकता भएकोले। |
| ४६. | नियम बनाउने अधिकार | विश्वविद्यालय एक अविछिन्न उत्तराधिकार भएको स्वशासित एवं सांगठानिक संस्था भएकोले यसको सञ्चालनको लागि नियम बनाउने अधिकार दिन। |
| ४७. | विनियम बनाउने अधिकार | विश्वविद्यालय एक अविछिन्न उत्तराधिकार भएको स्वशासित एवं सांगठानिक संस्था भएकोले यसको जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन तथा आन्तरिक कार्य सञ्चालनको लागि विनियम बनाउनुपर्ने भएकोले। |

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| ४८. | निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकार | विश्वविद्यालय एक अविछिन्न उत्तराधिकार भएको स्वशासित एवं सांगठानिक संस्था भएकोले यसको सञ्चालन गर्न स्पष्ट निर्देशन एवं कार्यविधि आवश्यक भएकोले । |
| ४९. | खारेजी र बचाउ | नेपाल सरकारको **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६"** अनुरुप यसले गरेका कार्यलाई कानूनी मान्यता प्रदान गर्न तथा उक्त विकास समितिको नाममा रहेको सबै चल, अचल सम्पत्ति र दायित्व कसमा सर्ने विषयबारेमा सुनिश्चित गर्न  र अन्तरिम अवधीमा गरिने कार्यको बचाउको लागि। |

(वालेन्द्र शाह)
प्रधानमन्त्री एवम् रक्षा मन्त्री

# राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : राष्ट्रिय हितको संरक्षण, संवर्धन र प्रवर्धनमा योगदान पुऱ्याउन सक्ने दक्ष, योग्य, सक्षम र जिम्मेवार जनशक्ति उत्पादन गर्न राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने विशिष्टिकृत प्राज्ञिक केन्द्रका रूपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको स्थापना र सञ्चालनका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतिसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “अध्ययन संस्थान” भन्नाले दफा १४ बमोजिमको प्रतिरक्षा अध्ययन संस्थान सम्झनुपर्छ।

(ख) "उपकुलपति" भन्नाले दफा २० बमोजिमको विश्वविद्यालयको उपकुलपति सम्झनुपर्छ।

(ग) "कार्यकारी परिषद्" भन्नाले दफा १२ बमोजिमको कार्यकारी परिषद् सम्झनुपर्छ।

(घ) “केन्द्र” भन्नाले दफा १६ बमोजिमको रणनीतिक अध्ययन अनुसन्धान केन्द्र सम्झनुपर्छ।

(ङ) "केन्द्र प्रमुख" भन्नाले दफा २९ बमोजिमको केन्द्र प्रमुख सम्झनुपर्छ।

(च) “डीन” भन्नाले दफा २५ बमोजिमको डीन सम्झनुपर्छ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) “प्राज्ञिक परिषद्” भन्नाले दफा १० बमोजिमको प्राज्ञिक परिषद् सम्झनुपर्छ।

(झ) “मन्त्रालय” भन्नाले नेपाल सरकारको रक्षा मन्त्रालय सम्झनुपर्छ।

(ञ) "महाविद्यालय" भन्नाले दफा १५ बमोजिमको राष्ट्रिय प्रतिरक्षा महाविद्यालय सम्झनुपर्छ।

(ट) "रजिष्ट्रार" भन्नाले दफा २२ बमोजिमको विश्वविद्यालयको रजिष्ट्रार सम्झनुपर्छ।

(ठ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको विश्वविद्यालय सम्झनुपर्छ।

(ड) "शिक्षण संस्था" भन्नाले दफा ३७ बमोजिम विश्वविद्यालयले सम्बन्धन दिने शिक्षण संस्था सम्झनुपर्छ।

(ढ) "शिक्षाधिकृत (कमान्डान्ट)" भन्नाले दफा २७ बमोजिमको महाविद्यालयको प्रमुख सम्झनुपर्छ।

(ण) "सभा" भन्नाले दफा ७ बमोजिमको विश्वविद्यालयको सभा सम्झनुपर्छ।

## परिच्छेद-२

## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापना** : (१) राष्ट्रिय हितको संरक्षण, संवर्धन र प्रवर्धनमा योगदान पुऱ्याउन सक्ने दक्ष, योग्य, सक्षम, र जिम्मेवार जनशक्ति उत्पादन गर्न राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्च तहको अध्ययन, अध्यापन तथा अनुसन्धानका लागि विशिष्टिकृत प्राज्ञिक केन्द्रका रूपमा राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय स्थापना गरिएको छ।

(२) विश्वविद्यालयलाई अङ्ग्रेजीमा नेशनल डिफेन्स युनिभर्सिटी भनिनेछ।

(३) विश्वविद्यालयको केन्द्रीय कार्यालय बागमती प्रदेशअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकास्थित पेरुङ्गेडाँडामा रहनेछ।

४. **विश्वविद्यालय स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुने** : (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) विश्वविद्यालयले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानूनबमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयले अचल सम्पत्ति बिक्री वा अन्य कुनै तरिकाले हक हस्तान्तरण गर्नुअघि नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-३

## <u>विश्वविद्यालयको सङ्गठनात्मक संरचना तथा पदाधिकारी</u>

५. **<u>विश्वविद्यालयको सङ्गठन</u>** : (१) विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहायबमोजिम हुनेछ :-

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) प्रतिरक्षा अध्ययन संस्थान,

(ङ) राष्ट्रिय प्रतिरक्षा महाविद्यालय,

(च) सम्बन्धन प्राप्त शिक्षण संस्था, र

(छ) रणनीतिक अध्ययन अनुसन्धान केन्द्र।

(२) उपदफा (१) बमोजिमका सङ्गठनहरूको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछ।

६. **<u>विश्वविद्यालयका पदाधिकारी</u>** : विश्वविद्यालयमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्:-

(क) कुलपति,

(ख) उपकुलपति,

(ग) रजिष्ट्रार,

(घ) डीन,

(ङ) शिक्षाधिकृत (कमान्डान्ट), र

(च) केन्द्र प्रमुख।

## परिच्छेद-४

## <u>सभाको गठन तथा काम, कर्तव्य र अधिकार</u>

७. **<u>सभाको गठन</u>** : (१) विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा सभा रहनेछ।

(२) सभाको गठन देहायबमोजिम हुनेछ :-

(क) कुलपति, -अध्यक्ष

(ख) रक्षा मन्त्री -सह-अध्यक्ष

(ग) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग -सदस्य

(घ) मुख्य सचिव, नेपाल सरकार -सदस्य

(ङ) प्रधान सेनापति, नेपाली सेना -सदस्य

(च) सदस्य, राष्ट्रिय योजना आयोग (रक्षा सम्बन्धी विषय हेर्ने) -सदस्य

(छ) उपकुलपति -सदस्य

(ज) सङ्घीय कानून अन्तर्गत स्थापना भएका अन्य विश्वविद्यालयका उपकुलपति मध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले मनोनयन गरेको एकजना -सदस्य

(झ) सचिव, अर्थ मन्त्रालय -सदस्य

(ञ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ट) सचिव, गृह मन्त्रालय -सदस्य

(ठ) सचिव, परराष्ट्र मन्त्रालय -सदस्य

(ड) सचिव, मन्त्रालय -सदस्य

(ढ) सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय -सदस्य

(ण) डीन -सदस्य

(त) शिक्षाधिकृत (कमान्डान्ट) -सदस्य

(थ) केन्द्र प्रमुख -सदस्य

(द) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानून वा कूटनीति सम्बन्धी विषयका विज्ञहरू मध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कुलपतिले मनोनयन गरेको एकजना महिलासहित तीनजना -सदस्य

(ध) रजिष्ट्रार -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ज) र (द) बमोजिमका सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ज) र (द) बमोजिमका सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा वा विश्वविद्यालयको हित विपरीत हुने कुनै कार्य गरेमा त्यस्तो सदस्यलाई सभाले जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (२) को खण्ड (द) बमोजिमको सदस्य हुन देहायको योग्यता पूरा भएको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानून वा कूटनीति सम्बन्धी विषयमा अध्यापन, शोध कार्य गरेको वा सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको,

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण, शरीरबन्धक वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको, र

(ङ) प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको।

८. **<u>सभाको बैठक</u>** : (१) सभाको बैठक कम्तीमा वर्षमा एक पटक र आवश्यकताअनुसार जुनसुकै बखत बस्न सक्नेछ।

(२) सभाको बैठकको अध्यक्षता अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा सह-अध्यक्षले गर्नेछ।

(३) सभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

**<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोजनको लागि "सदस्य" भन्नाले सभाको सदस्य सम्झनुपर्छ र सो शब्दले सभाको अध्यक्ष सह अध्यक्ष र सदस्य सचिवलाई समेत जनाउँछ ।

(४) उपदफा (३) बमोजिम पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित हुन नसकी गणपूरक सङ्ख्या नपुगेमा सो बैठक स्थगित गरी पुनः अर्को बैठक बोलाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम पुनः बोलाइएको बैठकमा सभाको सम्पूर्ण सदस्य सङ्ख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(६) सभाको बैठकमा छलफल गरिने कार्यसूची सामान्यतः बैठक बस्नुभन्दा कम्तीमा अठचालिस घण्टा अगावै सदस्य-सचिवले अध्यक्षसहित सबै सदस्यहरूलाई पठाउनु पर्नेछ।

(७) बैठकको बहुमतको निर्णय सभाको निर्णय हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवले संयुक्त रूपमा प्रमाणित गरी राख्नु पर्नेछ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैंले निर्धारण गर्न सक्नेछ।

९. **<u>सभाको काम, कर्तव्य र अधिकार</u>** : (१) यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) नीति निर्माण र स्रोत व्यवस्थापन सम्बन्धी-

(१) विश्वविद्यालयको नीति, नियम, योजना, रणनीति तथा मापदण्ड स्वीकृत गर्ने,

(२) विश्वविद्यालय सञ्चालनका लागि आवश्यक स्रोतको प्रबन्ध गर्ने,

(३) विश्वविद्यालयको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, र

(४) विश्वविद्यालयका शिक्षक र कर्मचारीको तलब तथा सुविधा स्वीकृत गर्ने।

(ख) शैक्षिक, प्राज्ञिक तथा प्रशासन सम्बन्धी-

(१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक मार्गदर्शन गर्ने,

(२) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि, प्रमाणपत्र, स्तर निर्धारण गर्ने र प्रदान गर्ने,

(३) शिक्षण संस्थालाई सम्बन्धन दिने, र

(ग) विविध-

(१) विश्वविद्यालयको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने,

(२) शिक्षण तथा सेवा शुल्क स्वीकृत गर्ने,

(३) विश्वविद्यालय अन्तर्गतका कुनै निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिने।

(२) उपदफा (१) मा उल्लेख भएको अतिरिक्त सभाको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-५

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१०. **प्राज्ञिक परिषद्को गठन** : (१) विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमको प्राज्ञिक परिषद् रहनेछ :-

(क) उपकुलपति -अध्यक्ष

(ख) सैनिक तालिम महानिर्देशक, नेपाली सेना -सदस्य

(ग) डीन -सदस्य

(घ) शिक्षाधिकृत (कमान्डान्ट) -सदस्य

(ङ) केन्द्र प्रमुख -सदस्य

(च) विश्वविद्यालयका प्राध्यापकमध्येबाट उपकुलपतिले तोकेको एकजना -सदस्य

(छ) प्रमुख, पाठ्यक्रम विकास विभाग -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा, निजको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा वा विश्वविद्यालयको हित विपरीत हुने कुनै कार्य गरेमा त्यस्तो सदस्यलाई सभाले जुनसुकै बखत हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(४) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गर्न सक्नेछ।

११. **प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) प्राज्ञिक सम्बन्धी-

(१) प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सुझाव दिने,

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका विश्वविद्यालय, शैक्षिक तथा अनुसन्धान संस्थासँग प्राज्ञिक सहकार्य गर्ने, र

(३) विश्वविद्यालयले प्रदान गर्ने उपाधि सभासमक्ष सिफारिस गर्ने।

(ख) शैक्षिक सम्बन्धी-

(१) विश्वविद्यालय अन्तर्गत सञ्चालन गर्नुपर्ने शैक्षिक नीति, योजना र कार्यक्रम सभामा पेस गर्ने,

(२) सभाले पारित गरेका शैक्षिक कार्यक्रम सम्बन्धी नीति, निर्देशन वा निर्णय कार्यान्वयन गर्ने, र

(३) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयको पाठ्यक्रम निर्धारण गर्ने।

(ग) विविध-

विश्वविद्यालयमा अध्ययन, अध्यापन र अनुसन्धान गरिने विषयमा भर्ना हुन आवश्यक योग्यता वा मापदण्ड तथा भर्ना सङ्ख्या निर्धारण गर्ने ।

(२) उपदफा (१) मा उल्लेख भएको अतिरिक्त प्राज्ञिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-६

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१२. **कार्यकारी परिषद्को गठन** : (१) विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न देहाय बमोजिमको एक कार्यकारी परिषद् रहनेछ :-

(क) उपकुलपति -अध्यक्ष

(ख) सभाका सदस्यमध्येबाट उपकुलपतिले तोकेको एकजना -सदस्य

(ग) डीन -सदस्य

(घ) शिक्षाधिकृत (कमान्डान्ट) - सदस्य

(ङ) रजिष्ट्रार -सदस्य-सचिव

(२) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैंले निर्धारण गर्न सक्नेछ।

१३. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सभा र प्राज्ञिक परिषद् सम्बन्धी-

(१) सभा र प्राज्ञिक परिषद्बाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(२) विश्वविद्यालयको नीति, नियम, योजना, बजेट, वार्षिक कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्ताव तयार गरी सभामा पेस गर्ने, र

(३) विश्वविद्यालयमा हुने अध्ययन, अध्यापन, तालिम तथा अनुसन्धान गर्ने विषयको शिक्षण तथा सेवा शुल्क निर्धारणको लागि सभासमक्ष पेस गर्ने।

(ख) कार्यक्रम सञ्चालन सम्बन्धी-

(१) विभिन्न सङ्घ संस्था तथा निकायको सहकार्य र समन्वयमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने, र

(२) विश्वविद्यालय शैक्षिक तथा प्राज्ञिक विषयसँग सम्बन्धित विभिन्न तालिम, कार्यशाला तथा गोष्टी आयोजना गर्ने।

(ग) स्रोत साधन र सम्पत्ति व्यवस्थापन सम्बन्धी-

(१) विश्वविद्यालयको लागि आवश्यक भौतिक पूर्वाधार, स्रोत र साधनको व्यवस्थापन गर्ने, र

(२) विश्वविद्यालयको चल-अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने।

(घ) अनुगमन, मूल्याङ्कन, निर्देशन र समन्वय सम्बन्धी-

(१) महाविद्यालयको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(२) विश्वविद्यालय सञ्चालन, व्यवस्थापन, संरक्षण र संवर्धन सम्बन्धमा निर्देशन दिने, र

(३) विश्वविद्यालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्ने।

(ङ) विविध-

विश्वविद्यालयसँग सम्बन्धित शैक्षिक तथा प्रशासनिक जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्ने ।

(२) उपदफा (१) मा उल्लेख भएको अतिरिक्त कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-७

## अध्ययन संस्थान, महाविद्यालय र केन्द्र

**१४. अध्ययन संस्थान :** (१) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्च तहको शिक्षा प्रदान गर्न विश्वविद्यालय अन्तर्गत प्रतिरक्षा अध्ययन संस्थान रहनेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययन संस्थानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा अध्ययन, अध्यापन तथा तालिमका लागि नीतिगत व्यवस्था गर्ने,

(ख) महाविद्यालयलाई आवश्यक पर्ने विषय विज्ञ उपलब्ध गराउने,

(ग) नेपाल सरकारका निकायसँग शैक्षिक गतिविधि तथा अनुसन्धानको कार्यमा सहकार्य गर्ने,

(घ) अध्ययन संस्थान अन्तर्गत सञ्चालन हुने कार्यक्रमको गुणस्तर सुनिश्चित गर्ने, र

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

**१५. महाविद्यालय** : (१) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा अध्ययन तथा अध्यापन गर्न विश्वविद्यालयको आङ्गिक शिक्षण संस्थाको रूपमा एक राष्ट्रिय प्रतिरक्षा महाविद्यालय रहनेछ।

(२) उपदफा (१) बमोजिमका महाविद्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा शैक्षिक कोर्ष, तालिम तथा अध्ययन कार्यक्रम सञ्चालन गर्ने,

(ख) विश्वविद्यालयको शैक्षिक नीति तथा पाठ्यक्रम बमोजिम तालिम तथा अध्ययन कार्यक्रम सञ्चालन गर्ने,

(ग) सैनिक तथा सार्वजनिक सेवाका पदाधिकारीको नेतृत्व सीप तथा क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्ने,

(घ) जर्नल, नीतिपत्र, रणनीतिक प्रतिवेदन तथा अन्य शैक्षिक सामग्री निर्माण तथा प्रकाशन गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१६. **<u>केन्द्र</u>** : (१) विश्वविद्यालय अन्तर्गत राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा उच्चस्तरीय अध्ययन र अनुसन्धान गर्न रणनीतिक अध्ययन अनुसन्धान केन्द्र रहनेछ।

(२) केन्द्रको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) रणनीतिक अध्ययन अनुसन्धानमा चिन्तन समूह (थिङ्क ट्याङ्क) को रूपमा काम गर्ने,

(ख) महाविद्यालयलाई स्रोत व्यक्तिको रूपमा अनुसन्धानकर्ता उपलब्ध गराउने,

(ग) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा अनुसन्धानमूलक जर्नल तथा प्रतिवेदन तयार तथा प्रकाशन गर्ने,

(घ) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र सामरिक विषयमा सरोकारवाला व्यक्ति, निकाय तथा सङ्घ संस्थासँग समन्वय र सहकार्य गर्ने,

(ङ) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध तथा सामरिक विषयमा नेपाल सरकार तथा अन्तर्गतको निकायलाई विशेषज्ञ राय परामर्श दिने,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको सेमिनार, कार्यशाला तथा गोष्ठी आयोजना गर्ने, र

(छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

१७. **<u>सङ्गठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था</u>** : (१) विश्वविद्यालयको सङ्गठन संरचना, शैक्षिक तथा प्रशासनिक दरबन्दी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएबमोजिम हुनेछ।

(२) विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको सुविधा र सेवाका सर्त तोकिएबमोजिम हुनेछ।

(३) विश्वविद्यालय सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति कार्यकारी परिषद्को अनुरोधमा नेपाल सरकारले नेपाल सरकारको निजामती सेवा, नेपाली सेना तथा अन्य सरकारी सेवाका कर्मचारीलाई काजमा खटाउन सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विश्वविद्यालयमा आवश्यक पर्ने विशेषज्ञ पदमा पदपूर्ति समितिको सिफारिसमा तोकिएबमोजिम करारमा राख्न सकिनेछ।

(५) उपदफा (४) बमोजिमका करारका कर्मचारीको पारिश्रमिक, करार सेवाको अवधि र अन्य सर्त सोही करारमा उल्लेख भएबमोजिम हुनेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको दरबन्दी यसै ऐनबमोजिम स्वीकृत भएको मानिनेछ ।

**१८. <u>पदपूर्ति समितिको गठन</u>** : (१) विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक जनशक्तिको नियुक्ति तथा बढुवा सिफारिस गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक पदपूर्ति समिति रहनेछ :-

(क) लोक सेवा आयोगको सदस्य -अध्यक्ष

(ख) कार्यकारी परिषद्का सदस्यमध्ये उपकुलपतिले तोकेको एकजना -सदस्य

(ग) रजिष्ट्रार -सदस्य

(२) पदपूर्ति समितिको बैठक, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-८

## <u>विश्वविद्यालयका पदाधिकारी तथा काम, कर्तव्य र अधिकार</u>

**१९. <u>कुलपति</u>** : (१) प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ।

(३) कुलपतिले सभाको बैठकमा र विश्वविद्यालयको दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुलपति दीक्षान्त समारोहमा उपस्थित हुन नसक्ने भएमा सभाको सह-अध्यक्षले दीक्षान्त समारोहको अध्यक्षता गर्नेछ।

(५) कुलपतिले विश्वविद्यालयको निरीक्षण गर्न वा गराउन र आवश्यकताअनुसार निर्देशन दिन सक्नेछ।

**२०. <u>उपकुलपति</u>** : (१) विश्वविद्यालयको कार्यकारी प्रमुखको हैसियतमा कार्य सम्पादन गर्न विश्वविद्यालयमा एकजना उपकुलपति रहनेछ।

(२) देहायको योग्यता भएको व्यक्ति उपकुलपतिमा नियुक्त हुन योग्य हुनेछः-

(क) कम्तीमा पैंतालीस वर्ष उमेर पूरा भएको,

(ख) रक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, रणनीतिक अध्ययन, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय कानून वा कूटनीति सम्बन्धी विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको, र

(ग) सम्बन्धित क्षेत्रमा कम्तीमा बिस वर्षको अनुभव प्राप्त गरेको।

२१. **<u>उपकुलपतिको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) सभा तथा कार्यकारी परिषद्को निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) विश्वविद्यालयका सबै काम कारबाहीउपर सामान्य नियन्त्रण र रेखदेख गर्ने,

(ग) विश्वविद्यालयको समग्र काम कारबाहीको अनुगमन, सुपरीवेक्षण गरी मातहतका निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिने,

(घ) सभाबाट स्वीकृत नीतिको अधीनमा रही विश्वविद्यालय सञ्चालन, व्यवस्थापन, संरक्षण र संवर्धन सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ङ) विश्वविद्यालयलाई आवश्यक पर्ने स्रोतसाधन प्राप्त गर्न विभिन्न निकायसँग समन्वय गर्ने,

(च) विश्वविद्यालयको आर्थिक अनुशासन, मितव्ययिता र पारदर्शिता कायम गर्ने, गराउने,

(छ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने, गराउने, र

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२२. **<u>रजिष्ट्रार</u>** : (१) रजिष्ट्रार विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) देहायको योग्यता भएको व्यक्ति रजिष्ट्रारमा नियुक्त हुन योग्य हुनेछ :-

(क) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट मानविकी, व्यवस्थापन, विज्ञान, सूचना प्रविधि, रणनीतिक अध्ययन, सुरक्षा, अन्तर्राष्ट्रिय कानून वा अन्तर्राष्ट्रिय सम्बन्ध विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको, र

(ग) सम्बन्धित क्षेत्रमा कम्तीमा दस वर्षको अनुभव प्राप्त गरेको।

२३. **<u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>** : (१) यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्राज्ञिक, प्रशासनिक तथा आर्थिक व्यवस्थापन सम्बन्धी-

(१) विश्वविद्यालयको समग्र प्राज्ञिक, व्यवस्थापकीय र प्रशासनिक कार्यको समन्वय गर्ने,

(२) सभा, प्राज्ञिक परिषद् र कार्यकारी परिषद्बाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(३) विश्वविद्यालयको वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने, र

(४) विश्वविद्यालयको कोष सञ्चालन, लेखा र लेखापरीक्षण गर्ने, गराउने।

(ख) शैक्षिक गतिविधि तथा जनशक्ति व्यवस्थापन सम्बन्धी-

(१) शैक्षिक क्यालेण्डर कार्यान्वयन गर्ने, गराउने,

(२) शिक्षण, प्रशिक्षण र अनुसन्धानको स्तर कायम गर्ने,

(३) विश्वविद्यालयले सञ्चालन गर्ने परीक्षाको रेखदेख, नियन्त्रण र व्यवस्थापन गर्ने,

(४) पदपूर्ति समितिको सिफारिसमा शैक्षिक तथा प्रशासनिक जनशक्ति नियुक्ति र पदस्थापन गर्ने, र

(५) शैक्षिक तथा प्रशासनिक जनशक्तिको वृत्ति विकास सम्बन्धी कार्यको समन्वय र सहजीकरण गर्ने।

(ग) सम्पत्ति तथा अभिलेख संरक्षण-

(१) विश्वविद्यालयको चल अचल सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने, र

(२) विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनमा उपकुलपतिलाई राय सुझाव प्रदान गर्ने ।

(घ) विविध-

कुलपति र उपकुलपतिबाट भएका निर्देशन कार्यान्वयन गर्ने, गराउने ।

(२) उपदफा (१) मा उल्लेख भएको अतिरिक्त रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

२४. <u>सिफारिस समिति</u> : (१) उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमका सदस्य रहेको एक सिफारिस समिति गठन हुनेछ :-

(क) प्रधान सेनापति -अध्यक्ष

(ख) प्राज्ञिक परिषद्बाट कुलपतिले मनोनयन गरेको एकजना -सदस्य

(ग) सैनिक तालिम महानिर्देशक, नेपाली सेना -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले योग्यता पुगेका व्यक्तिमध्येबाट उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको लागि खुला प्रतिस्पर्धाको माध्यमबाट तीन-तीनजना सम्भाव्य व्यक्तिको नाम कुलपतिसमक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिले सो समिति गठन भएको दुई महिनाभित्र यस दफाबमोजिमको सिफारिस गरिसक्नु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य मनोनयन नभएसम्म त्यस्तो सदस्यको काम गर्न पहिलो पटकका लागि मन्त्रालयका सचिव रहनेछन्।

(५) उपदफा (२) बमोजिम सिफारिस गरिएका व्यक्तिमध्येबाट कुलपतिले उपकुलपति र रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिले उपकुलपति र रजिष्ट्रारको पदमा नियुक्तिको लागि सिफारिस गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि सो समिति आफैंले निर्धारण गर्न सक्नेछ।

२५. **<u>डीन</u>** : (१) अध्ययन संस्थानको प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रूपमा डीन रहनेछ।

(२) डीनको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ।

(३) देहायको योग्यता भएको व्यक्ति डीनमा नियुक्त हुन योग्य हुनेछ :-

(क) पैंतिस वर्ष उमेर पूरा भएको,

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर गरेको र राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक, रणनीतिक क्षेत्र, अन्तर्राष्ट्रिय कानून वा कूटनीतिको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको।

२६. **<u>डीनको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त डीनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) अध्ययन संस्थान प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक कार्यको नेतृत्व गर्ने,

(ख) अध्ययन संस्थान अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको स्तर विकासका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ग) महाविद्यालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) शिक्षण संस्थाको शैक्षिक पाठ्यक्रम र कार्यक्रमको अनुगमन, मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने,

(ङ) महाविद्यालयमा शैक्षिक तथा अनुसन्धानको लागि सहयोग र सुविधा उपलब्ध गराउन सिफारिस गर्ने,

(च) कार्यकारी तथा प्राज्ञिक परिषद्बाट भएका निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने, र

(छ) तोकिए बमोजिमका अन्य काम गर्ने।

२७. **<u>शिक्षाधिकृत (कमान्डान्ट)</u>** : (१) महाविद्यालयको सञ्चालन र व्यवस्थापनको लागि महाविद्यालयको प्रमुखको रूपमा शिक्षाधिकृत (कमान्डान्ट) रहनेछ।

(२) उपदफा (१) बमोजिमको शिक्षाधिकृत (कमान्डान्ट) को पदमा नेपाली सेनाको बहालवाला उपरथीमध्येबाट प्रधान सेनापतिको सिफारिसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले खटाउनेछ।

२८. **<u>शिक्षाधिकृत (कमान्डान्ट) को काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त शिक्षाधिकृत (कमान्डान्ट) को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) महाविद्यालयको दैनिक प्रशासनिक तथा शैक्षिक कार्यको नेतृत्व गर्ने,

(ख) महाविद्यालयको भौतिक पूर्वाधार, शैक्षिक स्रोतसाधन तथा अन्य संरचनाको रेखदेख, संरक्षण र व्यवस्थापन गर्ने,

(ग) विश्वविद्यालयको शैक्षिक नीति र पाठ्यक्रम बमोजिम महाविद्यालयबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमको गुणस्तर कायम गर्ने,

(घ) राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध तथा सामरिक विषयमा प्राज्ञिक परिषद्लाई राय सुझाव प्रदान गर्ने, र

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने।

२९. **<u>केन्द्र प्रमुख</u>** : (१) केन्द्रको प्रमुखको रूपमा पूरा समय काम गर्ने गरी एक जना केन्द्र प्रमुख रहनेछ।

(२) केन्द्र प्रमुखको नियुक्ति उपकुलपतिको सिफारिसमा कुलपतिले गर्नेछ।

(३) देहायको योग्यता भएको व्यक्ति केन्द्र प्रमुखमा नियुक्त हुन योग्य हुनेछ :-

(क) कम्तीमा पैतिस वर्ष उमेर पूरा भएको, र

(ख) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, सामरिक अध्ययन, रणनीतिक अध्ययन, अन्तर्राष्ट्रिय कानून, कूटनीति सम्बन्धी शोध कार्य, अनुसन्धान वा प्राध्यापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको।

३०. **<u>केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार</u>** : यस ऐनमा अन्यत्र उल्लेख भएको अतिरिक्त केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) केन्द्रको प्रमुखका रूपमा प्राज्ञिक तथा शैक्षिक कार्यको नेतृत्व गर्ने,

(ख) केन्द्रले अनुसन्धान गर्ने विषय र अनुसन्धानको दायरा निर्धारण गर्ने,

(ग) केन्द्रले गर्ने अनुसन्धानको स्तर निर्धारणका लागि आवश्यक मापदण्ड निर्धारण गर्ने,

(घ) केन्द्र अन्तर्गत सञ्चालित अनुसन्धानको लागि सहयोग र सुविधा उपलब्ध गराउन सिफारिस गर्ने,

(ङ) उपकुलपति, प्राज्ञिक र कार्यकारी परिषद्‌ले तोकेको काम गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने।

**३१. अयोग्यता** : उपकुलपति, रजिष्ट्रार, डीन र केन्द्र प्रमुखको पदमा नियुक्ति हुन वा बहाल रहन देहायका व्यक्ति अयोग्य मानिनेछ :-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जवरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा शरीरबन्धक, सङ्‌गठित अपराध सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको,

(ग) प्रचलित कानूनबमोजिम कालो सूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(घ) प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि योग्य नरहेको, वा

(ङ) नियुक्ति हुँदाको बखत कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी रहेको।

**३२. पदावधि** : (१) उपकुलपति, रजिष्ट्रार, डीन र केन्द्र प्रमुखको पदावधि तीन वर्षको हुनेछ र निजलाई एकपटक पुनः नियुक्त गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै नियुक्तिको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

**३३. पारिश्रमिक, सुविधा तथा सेवाका सर्त** : (१) उपकुलपति, रजिष्ट्रार, डीन, केन्द्र प्रमुख तथा सभाको मनोनीत सदस्यको पारिश्रमिक, सेवाका सर्त र सुविधा तोकिएबमोजिम हुनेछ।

(२) विश्वविद्यालय अन्तर्गत प्राध्यापन गर्ने प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिक, सेवाका सर्त र सुविधा तोकिएबमोजिम हुनेछ।

३४. **<u>पदबाट हटाउने</u>** : (१) उपकुलपति, रजिष्ट्रार, डीन वा केन्द्र प्रमुखले आफ्नो पद अनुरूपको जिम्मेवारी पूरा नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेका पाँच जना सदस्यले निजलाई पदबाट हटाउन कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र मन्त्रालयको सचिव रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी पन्ध्र दिनभित्र कुलपतिसमक्ष प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि कुलपतिले सो प्रतिवेदन सभासमक्ष पेस गर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको प्रतिवेदनउपर छलफल हुँदा सभाको बैठकमा उपस्थित सदस्यमध्ये सभामा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यले निजलाई पदबाट हटाउने निर्णय गरेमा कुलपतिले उपकुलपतिलाई र उपकुलपतिले रजिष्ट्रार, डीन वा केन्द्र प्रमुखलाई पदबाट हटाउनेछ।

तर त्यसरी पदबाट हटाउनु अघि सम्बन्धित पदाधिकारीलाई सफाइ पेस गर्ने मनासिव मौका दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (४) बमोजिम निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(६) उपदफा (१) बमोजिमको छानबिन समितिको कार्यक्षेत्रगत सर्त समिति गठन गर्दाका बखत सभाले निर्धारण गर्नेछ।

## परिच्छेद -९

## <u>विश्वविद्यालयको कोष</u>

३५. **<u>विश्वविद्यालयको कोष</u>** : (१) विश्वविद्यालयको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(ग) अध्ययन, तालिम तथा अनुसन्धान, शैक्षिक शुल्क वा सेवा शुल्कबाट प्राप्त रकम, र

(घ) कुनै व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानूनबमोजिम स्थापित "क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(४) विश्वविद्यालयको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३६. **<u>लेखा र लेखापरीक्षण</u>** : (१) विश्वविद्यालयको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ।

(२) विश्वविद्यालयले तोकिएबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) विश्वविद्यालयको कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(४) विश्वविद्यालयको कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-१०
## <u>विविध</u>

३७. **<u>सम्बन्धन दिनसक्ने</u> :** तोकिएको सर्त तथा मापदण्ड पूरा गरेका देहायका शिक्षण संस्थालाई विश्वविद्यालयले सम्बन्धन दिन सक्नेछ :-

(क) नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेज, नेपाली सैनिक वार कलेज, नेपाली सैनिक प्रतिष्ठान,

(ख) सशस्त्र प्रहरी बल, नेपाल, कमाण्ड तथा स्टाफ कलेज,

(ग) नेपाल प्रहरी स्टाफ कलेज, वा

(घ) सुरक्षा निकायका अन्य शिक्षण संस्था।

**<u>स्पष्टीकरण</u>** : यस खण्डको प्रयोजनको लागि "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्झनुपर्छ।

३८. **<u>प्रमाणपत्र र उपाधि प्रदान गर्ने</u> :** (१) अध्ययन पूरा गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि प्रदान गर्नेछ।

(२) विश्वविद्यालयले अनुसन्धान तथा प्राज्ञिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्ति वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा ख्यातिप्राप्त विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

३९. **परीक्षा प्रणाली र पाठ्यक्रम** : विश्वविद्यालयको परीक्षा प्रणाली तथा पाठ्यक्रम सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

४०. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने :** (१) विश्वविद्यालयले आफ्नो कामकारबाहीमा सहयोग पुऱ्याउन आवश्यकताअनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार त्यस्तो समिति गठन गर्दाका बखत तोके बमोजिम हुनेछ ।

४१. **अधिकार प्रत्यायोजन** : (१) सभाले यस ऐनबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार कार्यकारी परिषद्, प्राज्ञिक परिषद् तथा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, उपकुलपति, डीन, शिक्षाधिकृत (कमान्डान्ट) वा केन्द्र प्रमुखले आफूमा निहित अधिकारमध्ये आवश्यकताअनुसार केही अधिकार विश्वविद्यालयको कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

४२. **उजुरी :** विश्वविद्यालयसँग सरोकार राख्ने विषयवस्तु उपर पर्ने सबै प्रकृतिका उजुरी सुनुवाइको व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **नेपाल सरकारसँग समन्वय र सम्पर्क** : विश्वविद्यालयले नेपाल सरकारसँग समन्वय र सम्पर्क गर्नुपर्दा मन्त्रालयमार्फत गर्नु पर्नेछ।

४४. **विघटन हुँदाको परिणाम** : (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिसमा विश्वविद्यालय विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको चल, अचल सम्पत्ति र दायित्व नेपाल सरकारमा सर्नेछ।

४५. **शपथ लिनुपर्ने** : उपकुलपतिमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि कुलपति समक्ष र पदेन सदस्य बाहेकका अन्य पदाधिकारीले उपकुलपतिसमक्ष तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

४६. **नियम बनाउने अधिकार** : यो ऐनको कार्यान्वयनका लागि सभाले आवश्यक नियम बनाउन सक्नेछ।

४७. **विनियम बनाउने अधिकार** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सभाले देहायका विषयमा विनियम बनाउन सक्नेछ :-

(क) शैक्षिक तथा प्रशासनिक जनशक्तिको काम, कर्तव्य, अधिकार, योग्यता, सेवाको सर्त तथा सुविधा सम्बन्धी विषय,

(ख) आर्थिक प्रशासन सम्बन्धी विषय, र

(ग) विश्वविद्यालयको आन्तरिक कार्य सञ्चालनसम्बन्धी विषय।

४८. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने** : (१) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही विश्वविद्यालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका वा कार्यविधि वा मापदण्ड लागु गर्नुअघि सार्वजनिक गर्नु पर्नेछ।

४९. **खारेजी र बचाउ** : (१) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ खारेज गरिएको छ।

(२) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ।

(३) राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिको नाममा रहेको सबै चल-अचल सम्पत्ति तथा दायित्व विश्वविद्यालयमा सरेको मानिनेछ।